नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**प्रधानमन्त्री रोजगार कार्यक्रम**

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ८ - २०८०/८१
च. नं./pmep/ ३६५

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

मिति: २०८०।११।१४

श्री स्थानीय तह, (सबै)।

**विषय: साझेदारीमा आयोजना सञ्चालन गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न एवं सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित आयोजनाहरु सञ्चालन गरी रोजगारी सिर्जना गर्ने व्यवस्था गरिएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को प्रथम संशोधनबाट दफा ६८ को व्यवस्था संसोधन भई कामका लागि पारिश्रमिकमा आधारित रोजगार आयोजनको लागि मन्त्रालयबाट प्राप्त रकम पारिश्रमिकमा मात्र खर्च गर्ने व्यवस्था रहेको छ। निर्देशिकाको दफा २७ बमोजिम अदक्ष कामदारको ज्याला सम्बन्धमा मात्र उल्लेख भएको तर दक्ष कामदारको ज्याला सम्वन्धमा स्पष्ट व्यवस्था नहुँदा साझेदरीमा द्विविधा सिर्जना भएकोले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ९२ को व्यवस्था अनुसार नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०८०।११।०४ गतेको निर्णयानुसार देहाय बमोजिम निर्णय भएकोले सोहि बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

*"प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत कार्यान्वयन हुने कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना निर्माण तथा मर्मतका आयोजनाको गुणस्तर कायम राख्न आवश्यक पर्ने दक्ष श्रमिक, निर्माण सामाग्री, हाते औंजार र सुरक्षा सामाग्री प्रचलित दररेट बमोजिम स्थानीय तहको श्रोतबाट व्यहोर्ने गरी लागत साझेदारी गरी आयोजना सञ्चालन गर्न सकिनेछ।"*

२०८०।११।१४

(नवराज सुवेदी)
शाखा अधिकृत